न.पा.कार्यालय :५२१४२९,५२०७२९
कार्यकारी अधिकृत:५२०४२९ (0)
दमकल सेवा :१०१

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## सुदुर पश्चिम प्रदेश,नेपाल

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राजश्व ०७६।०७७
च.नं.

**विषय :बगर खेतीका लागि सिलबन्दी दरभाउ पेश गर्ने सम्बन्धी सूचना ।**
**प्रथम पटक प्रकाशित मिति:२०७७।८।११**

यस धनगढी उप-महानगरपालिका स्थित खुटीया नदी पुल उत्तर र दक्षिणको जग्गामा बगर खेती संचालन गर्नको लागि सिलबन्दी दरभाउ पत्रको माध्यमबाट नदीको बगर ठेक्कामा लगाउनका लागि सूचना प्रकाशित गरिएको हुदा ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तपसिलका शर्तहरूको अधिनमा रही ठेक्का भोगचलनको लागि सिलबन्दी दरभाउ पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलका शर्तहरू</u>

१। न्यूनतम ठेक्का अंक रू ३०,०००। (तीस हजार मात्र) कायम गरिएको छ ।
२। ठेक्काको अवधि ठेक्का स्वीकृत भई सम्झौता गरेको मितिले एक बर्षका लागि कायम हुनेछ ।
३। दरभाउपत्र कार्यालय समयभित्र राजश्व शाखाबाट वा यस कार्यालयको रा.बा.बैको खाता न. ४१७००३०१०१०००२ मा नगद जम्मा गरी (रू १०००। फिर्ता नहुने गरी) खरीद गर्न सकिने छ ।
४। दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र खरिद गरिसक्नु पर्नेछ । दरभाउपत्र ८ औ दिनको १२.०० वजे भित्र कार्यालयमा पेश गरिसक्नु पर्नेछ । दरभाउपत्र ८ औ दिनको २.०० वजे खोलिने हुंदा सो समयमा दरभाउपत्रदाता वा निज़ले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्नेछैन ।
५। दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगत्तै कार्यालय खुलेको दिन सोही समयमा काम हुने छ ।
६। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७००३०३००००२ मा नगद जम्मा गरी भौचर साथ पेश गर्नुपर्ने छ ।
७। सम्पुर्ण कबोल किस्ता रकम एकमुष्ठ रूपमा सम्झौता भएको मितिमा बुझाउनु पर्नेछ ।
८। ठेक्का स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत
**जगन्नाथ पन्त**
**प्रमुख प्रशासकीय अधिकृत**
**(सह सचिव)**